*स्वास्थ्य विभागले यहाँका निवासीहरूलाई फोहोर व्यवस्थापन गर्न सहयोग गर्नका लागि यो कागजात उपलब्ध गराएको छ र यसले रूख विरूवाको मुनी फोहोरको मात्रा घटाउछ र अवैध डम्पिङहरू कम गर्छ भन्ने आशा गरिएको छ ।*

टाउन अफ वेस्ट स्प्रिङ्गफिल्डमा निवासीहरूले फाल्ने फोहोर जुन फोहोर फाल्ने कार्ट अथवा रिसाइकिलिंग कार्टमा अट्दैन ती फोहोरहरूका लागि कर्बसाइड पिकअप अब उपलब्ध छैन र ती फोहोरहरूलाई राम्रोसँग व्यवस्थापन गर्नु त्यँहाका निवासीहरूको कर्तव्य हो । कर्बसाइडमा सङ्कलन नहुने फोहोरहरूमा सोफाहरू, चेयर, म्याटहरू, इलेक्ट्रोनिक सामानहरू, निर्माणका सामानहरू आदि । थपमा, कर्बसाइडमा सामानहरू देखिएमा निवासीहरूलाई स्वास्थ्य विभागबाट 'Tree Belt' सुचना जारी गरिनेछ र ती सामानहरू समयमा राम्रोसँग व्यवस्थापन नगरेमा गैर अपराधिक टिकट प्रक्रिया सुचारू गरिनेछ ।




कृपया कुनै अवांछित वस्तुहरू अरूले लगिदिने छन् भन्ने आशले कर्बमा नराख्नु होला । त्यसता सामानहरू फाल्न मन छैन भने अरू थुप्रै माध्यमबाट डोनेसन दिन अथवा त्यसलाई अनलाइन मार्फत बेच्न सक्नु हुनेछ । पुनः प्रयोग एउटा महान रणनीति हो ।

निवासीहरूका लागि फोहोर व्यवस्थापन गर्ने सजिलो पार्नका लागि हाम्रो टाउनले K & W Materials and Recycling Services सँग साझेदारीमा लगातार रूपमा कार्य गर्दैछ । र अर्को विकल्प भनेको ट्रान्सफर स्टेसनमा बल्क वेस्ट प्रग्राम हो जुन K & W Services ले सञ्चालन गरेको छ । त्यो स्टेसन १३८ पाल्मर एभिन्यू, वेस्ट स्प्रिङफिल्ड, एम.ए मा अवस्थित छ । पूर्ण रूपमा ठाँउ र ठेगानाको बारेमा थाहा पाउनका लागि नक्सा हेर्नुहोला । समयः शुक्रबार विहान ७:०० देखि बेलुकी ४:३० बजे सम्म र शनिवार विहान ७:०० बजे देखि दिउँसो १:०० बजे सम्म ।



ट्रान्सफर स्टेसन पार्किङ । अनलोड गर्ने पहाडको माथिल्लो भाग हो ।

## बल्क वेस्ट प्रोग्राम

कुनै पनि फोहोर/ फालेका सामानहरू हुन जुन कर्बसाइट कार्टमा आट्दैनन् तिनीहरूलाई बल्क वेस्ट भनिन्छ **तर** निर्माण/रिमोडलिङ सामानहरू(मल्टिपल ड्रवर, मल्टिपल विन्डो, कन्क्रट/सिमेन्ट/इट्टाहरू); स्कृन भएका कुनै पनि सामानहरू (टि.भी, कम्प्युटर, मनिटरहरू, ल्यापटप), फ्लोरोसेंट बल्बहरू, बेट्रीहरू, प्रोपेन टैंक, बिन्स/बक्सहरू जसमा सा-साना सामानहरू हुन्छन्, फ्रीन समावेश भएका कुनै पनि उपकरणहरू (ए.सी, फिज्रर्स, रेफरीजिरेटर्स, डिहुमिडिफायर) आदिहरू लाई बल्क वेस्ट भनिदैनन् । वैकल्पिक रिसाइकिलिंगले यी वस्तुहरूलाई अलग हटाउनको लागि एक उद्धरण प्रदान गर्न सक्छ ।

बल्क वेस्टलाई कसरी व्यवस्थापन गर्ने:

क) ती सामानहरूलाई आफै निशुल्क ट्रान्सफर स्टेसनमा ल्याउनुहोस्:

अ) निवासीहरूले ५ वटा सामानसम्म ट्रान्सफर स्टेसनमा झार्न सक्नु हुनेछ, वर्षमा ३ पटक सम्म । ट्रान्सफर स्टेसनमा आउँदा बखत आफु निवासी भएको प्रमाण देखाउनु पर्नेछ । बल्क वेस्ट प्रोग्राम अन्तर्गत तपाईको सामान परेन भने त्यसको लागि शुल्क लाग्ने छैन ।

ख) निवासीको घर अगाडीबाट बल्क वेस्टहरू निशुल्क रूपमा लानका लागि समय मिलाउन K&W Servicesमा कल गर्नुहोस् ।

अ) एपोइन्टमेन्ट गरेको छ भने यो सुविधाको लागि $25 लाग्ने छ । एक पटकमा निवासीहरूले ५ वटा सामानहरू ल्याउन सक्नुहुनेछ र प्रत्येकको $25 लाग्नेछ र यो सेवा वर्षमा ३ पटक सम्म लिन सक्नु हुनेछ । ४१३-५८७-०९९९ मा सम्पर्क गर्नुहोला । (पिक अप डे को अघिल्लो दिन भन्दा अघाडी कर्बमा सामानहरू राख्न पाइने छैन ।)

प्रवेशद्वारमा राम्रो एटेनडेन्ट हुनेछन् जसले इन्ट्रान्समा निवासीको प्रमाण र अनलोड गर्ने उपयुक्त स्थान जाँच गर्नेछन् । र त्यहाँ देखि स्टाफले सामान झार्न र त्यसलाई मिलाउन सहयोग गर्नुहुनेछ ।




फ्रेन्डली स्केल एटेन्डेन्ट । चेक गर्नका लागि यहाँ रोक्नुहोस् ।

**विशेष निर्देशनः**

समुदायलाई पुनः प्रदान गर्ने गरि वेस्ट स्प्रिङफिल्डलाई K&W ले यो सेवाहरू प्रदान गरेको छ । कृपया स्टेसनमा भएको बेला निम्न किसिमको भद्र व्यवहार गर्नु होलाः

- विस्तारै कुदाएर
- निवासीको प्रमाण तयार गरेर जुन लाइसेन्स, नगरपालिकाको बिल, आदि हुन सक्छ ।
- तपाईको आसपासमा सावधान रहनुहोला । स्टेशन व्यस्त स्थान हो दिमाखमा कुरा राखि रहनुहोला ।
- यार्डमा भएको फोहोरहरू व्यवस्थापन गर्नुहोला । प्लास्टिकहरू फाल्नु होला र आफुले व्यवस्थापन गर्न लागेका सामानका बारेमा इमान्दार रहनु होला ।



**यार्ड फोहोर व्यवस्थापन क्षेत्र**